## साधारण प्रश्नहरू

### क्याम्पसमा शीतल बनाउने प्रणाली (*air conditioning*) किन थिएन ?

जुन १७ तारिखमा, क्याम्पसलाई सेवा दिने तीनवटा तातो तथा शीतल बनाउने केन्द्रहरूमध्ये एउटाको चिसो पानी लग्ने मुख्य पाइपमा ठूलो क्षति पुग्यो। चिसो पानी क्याम्पसका भवनहरूमा शीतल बनाउन (*air conditioning*) उपलब्ध गराउन प्रयोग गरिन्छ। चिसो पानी प्रणालीमा गरिएका समायोजनहरू, बाँकी दुई शीतल बनाउने केन्द्रहरूको क्षमता, तथा अस्थायी शीतल बनाउने मेशिनहरू मार्फत *UW–Madison* ले अगस्ट १० तारिखमा सबै भवनहरू फेरि खोल्यो।

क्याम्पसमा अझै पनि शीतल बनाउने क्षमता बारे केही सीमितताहरू रहने भएकाले, कहिलेकाहीँ भवनहरूको तापक्रम सामान्यभन्दा अलि बढी हुन सक्छ। तर यस्तो अवस्था शीतल बहने कुरा कम रहने अपेक्षा गरिएको छ। महत्त्वपूर्ण अनुसन्धान तथा बिरामी हेरचाहका क्षेत्रहरूलाई निरन्तर प्राथमिकता दिइनेछ।

### के क्याम्पस खुला छ र सामान्य रूपमा सञ्चालन भइरहेको छ ?

सबै क्याम्पस भवनहरू अगस्ट १० तारिखमा फेरि खोलिएका छन्। कहिलेकाहीँ भवनहरूको तापक्रम सामान्यभन्दा अलि बढी हुन सक्छ, तर यस्तो अवस्था शीतल बहने कुरा कम रहने अपेक्षा गरिएको छ।

## कर्मचारी प्रश्नहरू

### मेरो काम गर्ने ठाउँमा वातावरणीय वा व्यावसायिक स्वास्थ्य सम्बन्धी चिन्ता भएमा कस्ता स्रोतसाधनहरू उपलब्ध छन् ?

*FP&M Environmental & Occupational Health* (*EOH*) कार्यस्थलको वातावरणीय तथा व्यावसायिक स्वास्थ्यसम्बन्धी प्रश्न वा चिन्ताका लागि सहयोग गर्न उपलब्ध छ। यदि तपाईंलाई आफ्नो काम गर्ने ठाउँको वातावरणबारे चिन्ता छ वा कुनै स्वास्थ्य समस्या तपाईंको कार्यस्थलको वातावरणसँग सम्बन्धित हुन सक्छ भन्ने लाग्छ भने, कृपया eoh@fpm.wisc.edu मार्फत *EOH* लाई सम्पर्क गर्नुहोला। *EOH* ले पाएको जानकारीको समीक्षा गर्नेछ, आवश्यक मार्गदर्शन प्रदान गर्नेछ र उपयुक्त भएमा आवश्यक अनुगमन तथा थप कार्यहरूको समन्वय गर्नेछ।

## भवनका प्रश्नहरू

### के मैले मेरो अफिसलाई चिसो बनाउन वा ताजा बनाउन बोकेर लिएर आउन मिल्ने शीतल बनाउने मेशिन वा *air conditioner* ल्याउन सक्छु ?

भवनको विद्युतीय तथा शीतल बनाउने प्रणालीहरू प्रभावकारी रूपमा सञ्चालन भइरहोस् भन्ने सुनिश्चित गर्न, कृपया कुनै पनि व्यक्तिगत वा झ्यालमा जोडिने *air conditioning* युनिट नल्याउनुहोला। सामान्य व्यक्तिगत पंखा चलाउन अनुमति छ।

### मेरो काम गर्ने ठाउँमा पहिलेभन्दा फरक गन्ध आउँछ। किन ?

बन्द भएको अवधिमा क्याम्पसका केही भवनहरूमा शीतल बनाउने प्रणाली कम वा नभएको अवस्था थियो, सबै भवनहरूमा *HVAC* प्रणालीमार्फत निरन्तर हावा चलाई राखिएको थियो। तर तातो मौसममा भवनहरू बन्द रहँदा बासी हावा जम्मा हुन सक्छ र गर्मीका कारण भवन सामग्री, टेबुल कुर्सी तथा जम्मा भएका धुलोबाट स्वाभाविक रूपमा आउने गन्धहरू बढी महसुस गर्न सकिन्छ। बन्द अवधिका क्रममा, *FP&M* का कर्मचारीहरूले भवनहरूको निरीक्षण गरे र तापक्रम तथा ओस का नाप लिए। कुनै पनि असुरक्षित अवस्था फेला परेन, तर केही ठाउँहरूमा अस्थायी पंखा वा ओस कम गर्ने मेशिन (*dehumidifiers*) जडान गरिएको थियो।

*FP&M* ले शीतल बनाउने प्रणाली फेरि चलाउन थालेपछि अधिकांश बासी हावा बाहिर निस्कि सकेको छ। तरपनि, अफिसहरू जस्ता केही बन्द ठाउँहरू लामो समय बन्द रहेकाले अझै बासी गन्ध आउन सक्छ। कृपया ताजा हावा पसाउन आफ्नो अफिसको ढोका खुला राख्नुहोला वा झ्यालमा जोडिएको *air conditioning* युनिट चलाउनुहोला। *कृपया झ्याल नखोल्नुहोला, किनभने यसले तपाईंको भवनको HVAC प्रणालीमा असर पार्न सक्छ।*

यदि तपाईंलाई आफ्नो काम गर्ने ठाउँबाट हावा पर्याप्त रूपमा नपसेको जस्तो लाग्छ वा अन्य कुनै चिन्ताहरू छन् भने, कृपया आफ्नो भवन म्यानेजर मार्फत *Physical Plant* ग्राहक सेवालाई 608-263-3333 मा सम्पर्क गर्नुहोला।

**मैले मेरो हुलाक र प्याकेजहरू कसरी पाउन सक्छु ?**

हुलाक र प्याकेजहरू (जसमा क्याम्पस, *US* हुलाक सेवा, *FedEx*, *Spee-Dee* र *UPS*) सामान्य परिचालनहरूमा आइसकेका छन्।

**मैले थप जानकारी कहाँ पाउन सक्छु ?**

आफ्नो सुपरभाईजरलाई सम्पर्क गर्नुहोला जसले डिनको अफिसलाई सम्पर्क गर्न सक्नुहुन्छ। यदि तपाईंलाई थप सहायता आवश्यक भएमा, ChilledWaterConcerns@wisc.edu मा ईमेल पठाउनुहोला।

**भवनहरू फेरि प्रयोगका लागि सुरक्षित छन् भन्ने सुनिश्चित गर्न परिसर योजना तथा व्यवस्थापनले के गरिरहेको छ ?**

भवनहरू पुरा रूपमा वा आंशिक रूपमा बन्द रहेको अवधिमा, *FP&M* ले सुरक्षित र प्रभावकारी रूपमा फेरि सञ्चालन सुनिश्चित गर्न आफ्नो कामहरू निरन्तर जारी राख्यो:

- **अनुगमन:** *FP&M Physical Plant* का कर्मचारीहरूले भवनहरूको अवस्था, तापक्रम र ओसको स्तर निरीक्षण गर्न नियमित रूपमा भवनहरू भित्र यताउता हेर्दै हिंड्नुभयो। वहाँहरूले धेरै ओस भएका क्षेत्रहरू पहिचान गरी आवश्यकता अनुसार सुधारात्मक उपायहरू लागू गर्नुभयो। साथै भवन व्यवस्थापकहरूले पनि भवनहरूको अवस्थाको निरन्तर अनुगमन गर्नुभयो।
- **कस्टोडियल सेवा:**
    - कस्टोडियल सेवाहरू फेरि पहिलेको स्तरमा फर्काइएको छ। कर्मचारीहरूले भवनहरू फेरि खोलिनुअघि थप सरसफाइ तथा तयारीको काम पनि सम्पन्न गर्नुभएको छ।

    - असर परेका भवनहरू भित्र सेवाहरू सीमित थिए तर कर्मचारीहरूले बन्द वा आंशिक रूपमा बन्द भवनहरूमा कुनै पनि आपत्कालीन आवश्यकता अनुगमन गर्न नियमित जाँच गर्नुभयो।
    - कस्टोडियल सेवाले फ्याल्ने फोहोर तथा *recycling* अगस्ट १० तारिख अघिको स्तरमा फर्किएको छ।
- **पानी:** खोल्नु अघि बन्द र आंशिक रूपमा बन्द भवनहरूबाट जमेको पानी हटाउन र पानीको गुणस्तर कायम राख्न फ्लस गरियो।
- **हावा:**
    - *HVAC* प्रणालीहरू भित्र हावाको फिल्टरहरू राखिएको छ। यी फिल्टरहरू *air conditioning* खुले वा नखुलेपनि हावाबाट एकदमै मसिनो कणहरूलाई पस्न नदिन बनाइएको हुन्छ।
    - बन्द अवधिमा सबै भवनहरूमा केही प्रकारको *HVAC* सेवा प्रदान गरियो। बन्द वा आंशिक रूपमा बन्द भवनहरूमा, *FP&M* ले बेलाबेलामा उपलब्ध भएसम्म ताजा हावा पठाउन र ओस घटाउन *air conditioning* चलाए।
- **निरन्तर सेवा:** यदि तपाईंको भवनको कुनै ठाउँमा मर्मत वा कस्टोडियल सेवाको आवश्यक भएमा, कृपया आफ्नो भवन म्यानेजरसँग मिलेर काम गर्नुहोला। आपत्कालीन अवस्थामा, कृपया *FP&M Physical Plant* ग्राहक सेवालाई 608-263-3333 मार्फत सम्पर्क गर्नुहोला।

**यदि मेरो काम गर्ने ठाउँको तापक्रम सही छैन जस्तो महसुस गरेँ भने मैले के गर्न सक्छु ?**

कृपया आफ्नो भवन म्यानेजरसँग *Physical Plant* ग्राहक सेवालाई सम्पर्क गर्न मिलेर काम गर्नुहोला।

**अस्थायी शीतल बनाउने मेशिन र जेनेरेटरहरू कहिले हट्नेछन् ?**

यस समयमा, अस्थायी शीतल बनाउने मेशिनहरूले क्याम्पसलाई शीतल बनाउन एकदमै महत्त्वपूर्ण भूमिका खेल्दै छन्। तिनीहरूको आवश्यकता नभएपछि शीतल बनाउने मेशिन र जेनेरेटरहरू हटाइनेछ।

सजिलो नभएतापनि, यी मेशिनहरूले प्राय मान्छेहरूका लागि सुरक्षाको जोखिम हुँदैनन्। मेशिन नजिकैका आवाज र धुवाँ नापहरू असुरक्षित स्तरसम्म पुगेका छैनन् र सबै परिसरहरूबाट आपत्कालीन अवस्थामा बाहिर निस्किने ठाउँहरू खुला छन्।

**के पानी पसेको जस्तो गन्ध आउनु भनेको ढुसी लागेको भन्ने बुझिन्छ ?**

सधैँ होइन। गन्ध विभिन्न कारणले उत्पन्न हुन सक्छ र अस्थायी गन्ध सामान्यतया धेरै ओस र हावा राम्रोसँग नचल्ने अवस्थाका कारण आउँछन्, विशेष गरी कार्पेट, गद्दा लगाइएका फर्निचर, पर्दा, किताबहरू तथा अन्य हावा पस्न सक्ने सामग्री भएका स्थानहरूमा। तर, *FP&M* ले लामो समयसम्म रहने गन्ध वा देखिने ढुसी बढेको सम्बन्धी सबै रिपोर्टहरूको अनुसन्धान गर्छ अनि आवश्यक परेमा तत्काल सुधारात्मक कार्य (*remediation*) गरिन्छ।

यदि तपाईंलाई कुनै चिन्ता छ वा तपाईंले ढुसी लागेको शंका गरिएको स्थान फेला पार्नुभएको छ भने, कृपया त्यसलाई नछुनुहोस् वा नचलाउनुहोस्, *bleach* वा अन्य रसायन प्रयोग नगर्नुहोला र पानीले नास गरेका सामानहरू सार्ने प्रयास

नगर्नुहोला। कृपया आफ्नो भवन म्यानेजर वा परिसर विशेषज्ञ लाई जानकारी दिनुहोला, ताकि *Environment, Health & Safety* का कर्मचारीले त्यसको उचित व्यवस्थापन गर्न सकून्।

**भवनहरू खाली हुँदा ढुसी तथा अन्य समस्याहरूलाई कसरी रोकियो ?**

क्याम्पसका भवनहरूमा ढुसी लागेको अपेक्षा गरिएको थिएन, किनकि सबै भवनहरूमा *HVAC* प्रणाली सञ्चालनमा राखिएको थियो र बन्द अवधिमा पनि धेरै भवनहरूले ओस नियन्त्रण गर्न कम क्षमतामा वा बीचबीचमा *air conditioning* सेवा पाएका थिए। भवन म्यानेजरहरूले परिसरहरू अनुगमन गरे र *FP&M Physical Plant* र *Environment, Health & Safety* कर्मचारीले भवनहरूको अवस्था, तापक्रम र ओसको स्तर निरीक्षण गर्न नियमित रूपमा भवनहरू भित्र यताउता हेर्दै हिंडे। वहाँहरूले धेरै ओस भएका क्षेत्रहरू पहिचान गरी आवश्यकता अनुसार सुधारात्मक उपायहरू लागू गर्नुभयो।

## पार्किङ्ग तथा यातायात

**यदि मैले घरबाट काम गर्दा मेरो पार्किङ्ग पर्मिट रद्द गरें तर अगस्ट ३१ तारिख अघि क्याम्पसमा पार्किङ्ग गर्न चाहन्छु भने, मैले के गर्नुपर्छ ?**

केही पार्किङ्ग पर्मिटहरू उपलब्ध हुन सक्छन्। ठाउँ सीमित छ र पर्मिटहरू तपाईंको मनपर्ने लटमा उपलब्ध हुने कुनै ग्यारेन्टी छैन। गर्मी महिनाको अन्त्यसम्ममा पार्किङ्ग विकल्पहरूको बारेमा जान्न यातायात सेवालाई सम्पर्क गर्नुहोला।

तपाईंले क्याम्पस ग्यारेजमा पनि पार्किङ्ग गर्न सक्नुहुन्छ जहाँ पाहुना पार्किङ्ग उपलब्ध छ। कृपया ध्यान दिनुहोला कि पार्किङ्ग उपलब्धता फरक फरक हुन्छ र प्रति घण्टा दर बमोजिम लागू हुन्छ।

**यदि मैले मेरो हालको पार्किङ्ग पर्मिट रद्द गरें भने, के यसो गर्दा अर्को वर्षको मेरो पार्किङ्ग आवेदनलाई असर पर्छ ?**

गर्दैन: तपाईंको हालको पर्मिट रद्द गर्नाले अर्को वर्षको पार्किङ्ग पर्मिटलाई असर गर्दैन। यातायात सेवाले हाल २०२६-२७ सालको पर्मिटहरूको लागि आवेदनहरू स्वीकार र प्रशोधन गर्दैछ। स्वीकृत पर्मिटहरू सेप्टेम्बर १ तारिखबाट मान्य हुनेछन्। यदि तपाईंले ठाउँ पाउनुभएको छ भने, सामान्य रूपमा गरेजस्तै समयसीमाभित्र यसलाई स्वीकार गर्नुहोला। यदि तपाईंसँग प्रश्नहरू छन् भने कृपया आफ्नो युनिट यातायात संयोजक *(UTC)* लाई सम्पर्क गर्नुहोला।

**क्याम्पसमा फर्कने क्रममा पार्किङ्ग कसरी काम गर्छ ?**

अगस्ट १० तारिखबाट पार्किङ्ग सामान्य परिचालनमा फर्कने छ।

**यदि मेरो साइकल सारिएको थियो भने, मैले त्यसलाई कहाँ छ कसरी थाहा पाउन सक्छु ?**

साइकल राख्ने ठाउँ र कुनै पनि साइकलहरू अस्थायी शीतल बनाउने मेशिनहरूका लागि ठाउँ बनाउन त्यही भवन क्षेत्र भित्रमा सारिएका छन्। यदि तपाईंले आफ्नो साइकल पत्ता लगाउन सक्नुभएन भने, कृपया साइकल यात्री र पदयात्री प्रतिक्रिया फाराम भर्नुहोला। सम्भव भएमा, कृपया आफ्नो साइकल अन्तिममा कहाँ देख्नुभयो र त्यसको बनावट वर्णन गर्नुहोला।